नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
राजविराज, सप्तरी

प.सं. :२०७६/०७७ (प्रशा.)
च.नं.

फोन : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स :०३१-५२०६२४

मिति :- २०७६/११/२३

## जिल्ला प्रशासन कार्यालय सप्तरीको स्वास्थ्य सजगता सम्बन्धी सूचना ।

छिमेकी देश चीन लगायत विश्वका विभिन्न देशमा नोवेल कोरोना भाइरस (COVID 19) को संक्रमण देखिएको र विश्व स्वास्थ्य संगठनका अनुसार नेपाल समेत नोवेल कोरोना भाइरसको संक्रमणको उच्च जोखिममा रहेको हुँदा सो रोगबाट बच्न देहाय अनुसार गर्न/गराउन आम सर्वसाधारणमा हार्दिक अनुरोध छ ।

१. रूघाखोकी, ज्वरो र स्वासप्रस्वासमा समस्या देखिएमा नजिकको स्वास्थ्य संस्थामा जचाउँन जाऔं,
२. नियमित रूपमा साबुनपानीले हात धुने गरौं,
३. मेला, महोत्सव, भोजभतेरको आयोजना नगरौं,
४. सामान्य रूघाखोकी लागेमा घरमै आराम गरौं,
५. खोक्दा वा हाछ्युं गर्दा नाक र मुख छोप्ने गरौं,
६. जंगली तथा घरेलु पशुपन्छीबाट टाढा रहौं,
७. माछा, मासु, अन्डा जस्ता पशुजन्य खानेकुरा राम्रो संग पकाएर मात्र खाने गरौं,
८. भिडभाड भएको स्थानमा आवतजावत नगरौ तथा नजाऔं,
९. कपडाको मास्कको प्रयोग गर्दा सफा गरेर मात्र प्रयोग गरौं,
१०. अभिवादन गर्दा हात नमिलाउँ, नमस्कारबाट सिष्टाचार आदानप्रदान गरौं,
११. फ्लु जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहौं,
१२. आउँदै गरेको महान चाड होली पर्व सके सम्म घर भित्रै सिमित रहेर मनाऔं ।

जनार्दन कट्टेल
प्रशासकीय अधिकृत

web: www.daosaptari.moha.gov.np email:daosaptari1@gmail.com